## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/१२/८गते शुक्रवार देखि २०६४/१२/१४ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८३ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३२०४ कारोवारबाट २८ करोड ८६ लाख ४८ हजार रुपैयाँ बराबरका ३ लाख १४ हजार ७ सय कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ६.३९ प्रतिशतले बढेको हो । गत साता ३८६१ शेयर कारोवारबाट २७ करोड १२ लाख ८७ हजार रुपैयाँ बराबरका ४ लाख ३६ हजार २ सय कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २० करोड ५२ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ५७.१४ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ५.५७ अंकले वृद्धि भई अन्तिम दिन ७१६.७२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६८८.२२ | ४१४.५७ | ४१०.८५ | ८१७.४७ | १०१३.१४ | १४६.३९ | ७१२.७० | ९८२.४१ | १०३२.०९ | ७१०.८० | १८३.६१ |
| दोस्रो | ६८०.०८ | ४१४.५७ | ४१०.८५ | ८१७.४७ | १००४.९९ | १४६.३९ | ७११.१६ | ९८८.२१ | १०१५.८७ | ७०४.५० | १८२.२७ |
| तेस्रो | ७०८.०४ | ४१४.५७ | ४१०.८५ | ८१७.४७ | ९८५.२१ | १४०.४७ | ७१६.९२ | ९७८.४६ | १०१०.१४ | ७२१.२४ | १८७.९२ |
| चौथो | ७०७.०३ | ४१५.८२ | ४१०.८५ | ८१७.४७ | ९९३.७४ | १२८.८६ | ७१८.७९ | ९७६.१२ | १००५.४४ | ७२०.६७ | १८७.७८ |
| पाँचौं | ७००.७५ | ४१५.८२ | ४१०.८५ | ८१७.४७ | ९८९.४३ | १२५.०३ | ७२५.०६ | ९७३.६० | १००७.६० | ७१६.३७ | १८६.१० |
| परिवर्तन (अंकमा) | १२.५३ | १.२४ | १.९३ | ०.०० | -२३.७० | -२१.३६ | १२.३६ | -८.८१ | २४.४९ | ५.५७ | २.४९ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स २.४९ अंकले वृद्धि भई १८६.१० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (५ करोड ८२ लाख रुपैयाँ) का आधारमा किष्ट मर्चेण्ट बैंकिग एण्ड फाइनान्स, शेयर संख्या (३८ हजार ८ सय ३० कित्ता) को आधारमा नेशनल हइड्रो पावर कम्पनी र कारोवार संख्या (३००) को आधारमा अन्नपूर्ण विकास वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | किष्ट मर्चेण्ट वैंकिगं एण्ड फाइनान्स | ५६.८२ |
| २ | वैंक अफ काठमाण्डू | ४४.१२ |
| ३ | स्ट्याण्र्डड चाटर्ड वैंक | २०.३३ |
| ४ | चिलिमे हाईड्रोपावर कम्पनी | १५.२३ |
| ५ | बुटवल फाईनान्स लिमिटेड | १०.९७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।